जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक २९९ • २०८३ भदौ २ गते मंगलवार • 18 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


# मधेश प्रदेशले गत आर्थिक वर्षमा ३० करोड रुपैयाँभन्दा बढी खर्च गरे पनि जम्मा ६ वटा विधेयक मात्रै पारित गरे



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ भदौ**

मधेश प्रदेशसभाले गत आर्थिक वर्षमा ३० करोड रुपैयाँभन्दा बढी खर्च गरे पनि जम्मा ६ वटा विधेयक मात्रै पारित गर्न सकेको छ । पारित ६ मध्ये तीनवटा बजेटसँग सम्बन्धित छन् भने बाँकी तीनवटा विषयगत कानुन हुन् । प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष 'प्रदेश विकास खेलकुद विधेयक', 'बालिका संरक्षण विधेयक' र 'प्रदेश बाल अधिकार ऐन पहिलो संशोधन विधेयक' पारित भएका थिए ।

यी तीनवटै विधेयक २०८२ साउनमै प्रदेश प्रमुखबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएका हुन् । बजेटसँग सम्बन्धित तीन विधेयक भने आर्थिक वर्षको अन्त्यमा असार मसान्ततिर मात्रै पारित भएका थिए । गत आर्थिक वर्षमा प्रदेशसभाका हिउँदे र बजेट अधिवेशन गरी जम्मा ३७ वटा बैठक बसेका थिए । प्रदेशसभा सचिवालयका उपसचिव एवं सूचना अधिकारी सुरेन्द्र महतोका अनुसार चालु अधिवेशन अझै अन्त्य नभएकाले बाँकी विधेयकमाथि छलफल र पारित हुने सम्भावना कायमै छ । तर, दोस्रो कार्यकाल सुरु भएको चार वर्ष बितिसक्दा प्रदेशसभाको कानुन निर्माणको गति निकै सुस्त देखिएको छ । यस अवधिमा जम्मा १७ वटा विधेयक र एउटा नियमावली मात्रै पारित भएका छन् । यसको तुलनामा पहिलो कार्यकालमा मधेश प्रदेशसभाले ६६ वटा कानुन निर्माण गरेको थियो । प्रदेशसभामा दर्ता भएका केही विधेयक समितिगत छलफलपछि फिर्ता भएका छन् । 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७५' संशोधन गर्न बनेको विधेयक तथा 'गाउँसभा, नगरसभा, जिल्लासभाको कार्यसञ्चालन कार्यविधि ऐन २०७७' संशोधन विधेयक छलफलपछि फिर्ता भएका हुन् । यस्तै, 'प्रदेश बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१', 'प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'मधेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' छलफलको क्रममा छन् । 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा बनेको विधेयक' र 'मधेश प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' भने दर्ता भए पनि सदनमा टेबल हुन बाँकी छन् । ३० करोड खर्च, ६५ प्रतिशत बजेट कार्यान्वयन: कानुन निर्माणको गति सुस्त भए पनि प्रदेशसभाले गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च गरेको छ । प्रदेशसभाका लागि ४६ करोड २३ लाख ८४ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा करिब ६५ प्रतिशत खर्च भएको हो । प्रदेशसभा सचिवालयका अनुसार सुशीला कार्की नेतृत्वको सरकार गठनपछि रोकिएको स्वकीय सचिवहरूको तलबसमेत यो वर्ष एकमुष्ट वितरण गरिएको छ । जेनजी आन्दोलनका क्रममा प्रदेशसभा भवनमा भएको भौतिक क्षतिको पुनर्निर्माण भने प्रदेशसभाको बजेटबाट नभई भौतिक पूर्वाधार मन्त्रालयमार्फत गरिएको सचिवालयले जनाएको छ ।

# नेपाल पूर्व प्रहरी संगठनको ३६ औं स्थापना दिवस

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ भदौ**



नेपाल पूर्व प्रहरी संगठनको ३६ औं स्थापना दिवस सोमबार जनकपुरधाममा विविध कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ । संगठनले आयोजना गरेको कार्यक्रममा बहालवाला तथा अवकाशप्राप्त प्रहरी अधिकारी, पूर्व प्रहरी कर्मचारी र सुरक्षा निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले पूर्व प्रहरी कर्मचारीहरूले संगठनमा रहँदा राष्ट्र र नागरिकको सुरक्षामा पुऱ्याएको योगदानको प्रशंसा गर्दै अवकाशपछि पनि समाजप्रतिको जिम्मेवारी र अनुशासनलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । उनले प्रहरी सेवामा लामो समय योगदान गरेका पूर्व प्रहरी कर्मचारीको अनुभव र ज्ञान समाज तथा नयाँ पुस्ताका लागि महत्वपूर्ण रहेको बताउँदै सुरक्षा क्षेत्रमा देखिएका नयाँ चुनौती सामना गर्न बहालवाला र पूर्व प्रहरीबीचको सहकार्य आवश्यक रहेको धारणा राखे । कार्यक्रममा सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णु भट्टले प्रहरी सेवामा कार्यरत रहँदा हासिल गरेको अनुभवलाई अवकाशपछि पनि सामाजिक हितमा उपयोग गर्न पूर्व प्रहरी कर्मचारीलाई आग्रह गरे । उनले पूर्व प्रहरी कर्मचारीको योगदानको सम्मान गर्दै संगठनलाई थप सक्रिय र प्रभावकारी बनाउन आपसी एकता तथा सहकार्य आवश्यक रहेको बताए ।







**साक्षर समाज-सक्षम राष्ट्र**

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।

**शिक्षा :**
- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैगिंक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



सम्पादकीय..................

# नागपञ्चमीको महत्व

हिन्दुहरुका लागि नागपञ्चमीको अलग महत्व छ। नागपूजा गर्दा नागको शिर कुन दिशातर्फ छ भन्ने ज्ञान हुनु आवश्यक मानिएका छन, अन्यथा पूजाको पूर्ण फल प्राप्त नहुने मान्यता रहेका छन। जहाँ नाग र जलको बास हुन्छ, त्यहाँ लक्ष्मीको बास हुने र आगलागी, चट्याङ वा विद्युतीय दुर्घटनाजस्ता विपत्तिबाट जोगिन सकिने जनविश्वास रहेको देखिन्छ। कृषिप्रधान समाजमा नागलाई शक्ति र समृद्धिको प्रतीक मानिएका छन। पाञ्चायन देवमध्ये शिवको गलामा, विष्णुको शय्यामा र गणेशको हातमा नाग विराजमान रहेको छ। त्रेतायुगमा भगवान् श्रीरामका भाइ लक्ष्मण र द्वापरयुगमा श्रीकृष्णका दाजु बलरामलाई शेषनागकै अवतार मानिएका छन। बाल्यकालमा श्रीकृष्णले कालीयनागको दमन गरेर यमुना नदीलाई विषमुक्त गराएका थिए, जसले जीवनको सुरुवातमै प्रदूषण र विकृतिहरूलाई हटाउनुपर्छ भन्ने सन्देश दिएको देखिन्छ। त्यसैगरी, सत्ययुगको समुद्र मन्थनको प्रसंगमा वासुकी नागको माध्यमबाट हलाहल विष ओकलेपछि मात्रै अमृत प्राप्त भएको कथाले संघर्ष र शोधनपछि मात्र सफलता मिल्छ भन्ने आध्यात्मिक रहस्य उजागर गरेका छन। संक्षेपमा, नागपञ्चमी केवल एउटा धार्मिक परम्परा मात्र नभई यो त जल, जमिन, नाग र समग्र पारिस्थितिक प्रणालीको सम्मान गर्ने वैज्ञानिक एवं सांस्कृतिक पर्व रहेको देखिन्छ। प्रकृतिको दोहन रोकेर यसको सन्तुलन कायम राख्नु नै आजको नागपञ्चमीको वास्तविक सन्देश र सार्थकता रहेको देखिन्छ। अन्तमा नागपञ्चमी २०८३ पर्वको शुखद उपलक्ष्यमा सबैमा हार्दिक शुभकामना सहित नाग देवताले सबैको कल्याण गरुण भने कामना समेत गर्दछु।

# चारजना विरुद्ध ठगी तथा विश्वासघात सम्बन्धी मुद्दा दर्ता

जलेश्वरटुडे समाचारदाता
धनुषा, १ भदौ



भुस खरिदबापतको करिब ५० लाख रुपैयाँ भुक्तानी नगरेको आरोपमा जनकपुर रिफाइनरीसँग सम्बन्धित चारजना विरुद्ध ठगी तथा विश्वासघात सम्बन्धी मुद्दा दर्ता भएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय धनुषाले साउन २० गते जनकपुर रिफाइनरीका सञ्चालकसहित चारजनाविरुद्ध मुद्दा दर्ता गरेपछि जिल्ला अदालत धनुषाबाट उनीहरूलाई पक्राउ गर्न अनुमति दिइएको हो। पक्राउ पुर्जी जारी हुनेमा जनकपुर रिफाइनरीकी सञ्चालक ३५ वर्षीया रइसा टिवडेवाल, उनका ४० वर्षीय पति तथा कम्पनीका प्रबन्धक विनित अग्रवाल, सञ्चालकका दाइ ४५ वर्षीय रोमिल टिवडेवाल र कम्पनीका पर्चेज डाइरेक्टर ३५ वर्षीय मुन्नाकुमार सिंह (राकेश) रहेका छन्। धनुषा प्रहरीले चारैजनाविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको पुष्टि गर्दै उनीहरूको खोजी भइरहेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी मधुसूदन न्यौपानेले फरार रहेका चारैजनाको खोजी भइरहेको जानकारी दिएका छन्।

करिब ४९ लाख ५० हजार रुपैयाँ बक्यौताः भुस आपूर्तिबापतको रकम भुक्तानी नभएको विषय यसअघि नै सार्वजनिक भएको थियो। कम्पनीको आन्तरिक सप्लायर लेजरमा 'रोशन भुसा खरिद बिक्री केन्द्र'को नाममा ४९ लाख ४९ हजार ८ सय ८३ रुपैयाँ ५० पैसा बक्यौता देखिएको जनाइएको छ।

# वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गर्नुपर्ने आवश्यकताः पटेल

जलेश्वरटुडे समाचारदाता
धिरगंज, १ भदौ




मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेलले वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

उपभोक्ता हित संरक्षण मञ्च नेपालको आयोजनामा वीरगञ्जमा भएको 'उपभोक्ता अदालत स्थापना तथा सञ्चालन एवं नसर्ने रोग रोकथाम' विषयक सरोकारवालाबीचको अन्तरक्रियामा मन्त्री पटेलले उपभोक्ताको अधिकार संरक्षणका लागि छुट्टै अदालत आवश्यक रहेको बताएका हुन्।

उपभोक्ता अदालत स्थापनाका लागि मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिका पूरा गर्न आफू तयार रहेको उल्लेख गर्दै मन्त्री पटेलले प्रदेश सरकारले उपभोक्ता हित संरक्षणसम्बन्धी आवश्यक कानुन निर्माणका लागि पहल गर्ने प्रतिबद्धता जनाए। उनले स्थानीय उत्पादन तथा सेवाबाट उपभोक्ता ठगिएमा क्षतिपूर्ति दिलाउने व्यवस्था आवश्यक भए पनि आयातित वस्तुको गुणस्तर, मूल्य र नियमनको विषयलाई समेत उपभोक्ता अदालतको कार्यक्षेत्रसँग जोडेर हेर्नुपर्ने बताए। मन्त्री पटेलले दैनिक उपभोग्य वस्तु तथा बदलिँदो जीवनशैलीका कारण नसर्ने रोग बढ्दै गएको भन्दै उपभोक्ता सचेतना अभिवृद्धिमा पनि जोड दिए।

नागरिकलाई राजनीतिकसँगै आर्थिक, सामाजिक तथा स्वास्थ्यका विषयमा समेत सचेत बनाउनुपर्ने उनको भनाइ थियो। निर्वाचनका बेला राजनीतिक दल तथा उम्मेदवारले जनतासामु विभिन्न प्रतिबद्धता व्यक्त गर्ने तर ती पूरा नगर्ने अवस्थाप्रति पनि प्रश्न उठाउँदै मन्त्री पटेलले प्रतिबद्धता पूरा नगरेमा जवाफदेही बनाउने विषयमा बहस आवश्यक रहेको बताए।

उनले पछिल्लो समय पत्रकारिता राजनीतिक विषयमा बढी केन्द्रित भएको टिप्पणी गर्दै शिक्षा, कृषि, स्वास्थ्य, उपभोक्ता अधिकार लगायत जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयलाई पनि प्राथमिकतामा राख्न सञ्चारमाध्यमलाई आग्रह गरे। स्थानीय उत्पादनको प्रयोग र प्रवर्द्धनमा जोड दिँदै मन्त्री पटेलले आयातित वस्तुको बढ्दो प्रयोगले स्थानीय उत्पादन प्रभावित भइरहेको बताए।

स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले चालु आर्थिक वर्षमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमार्फत केही कार्यक्रम सञ्चालन गर्ने जानकारीसमेत उनले दिए।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः मनमा पछुतो आउने
कर्कटः लामो यात्राको योग छ
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः अनावश्यक चिन्ता
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः आम्दानी हुने
धनुः मित्रतामा फाटो आउने
मकरः पिछडेको साथी मिल्ने
कूम्भः खानपानमा समस्या आउने
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पले गरे मक्का सम्झौताको स्वागत



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ भदौ**


अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले साउदी अरेबिया, टर्किए र पाकिस्तानबीच हालै सम्पन्न मक्का संयुक्त रक्षा सम्झौताको स्वागत गरेका छन्। उनले यस त्रिपक्षीय सुरक्षा सहकार्यलाई क्षेत्रीय सुरक्षा र आत्मनिर्भरतातर्फको एक महत्वपूर्ण कदमका रूपमा व्याख्या गरेका छन् ।

ट्रम्पले आइतबार आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसलमार्फत साउदी अरेबिया, टर्किए र पाकिस्तानले अन्ततः उक्त सम्झौतामा हस्ताक्षर गरेकोमा खुसी व्यक्त गरेका छन् । क्षेत्रीय सुरक्षा संरचनामा परिवर्तनको सङ्केत गर्दै मध्यपूर्व क्रमशः एकजुट हुँदै गएको र सम्बन्धित देशहरूले आफ्नै सुरक्षा प्रभावकारी रूपमा गर्न सक्ने अवस्था बनेको बताउँदै उनले यसलाई 'ठूलो, साहसिक र महत्वपूर्ण पहिलो कदम' भनेका छन् । साउदी युवराज तथा प्रधानमन्त्री मोहम्मद बिन सलमान, टर्किएका राष्ट्रपति रेसेप तैयप एर्दोगान र पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले गत अगस्ट ७ मा मक्कामा औपचारिक रूपमा सो सम्झौतामा हस्ताक्षर गरेका थिए ।

सम्झौताले तीन देशबीच सामूहिक रक्षाका लागि संरचित संयन्त्र स्थापना गर्नुका साथै सैन्य तथा सुरक्षा सहकार्य विस्तार गर्ने व्यवस्था गरेको छ। यसअनुसार तीनमध्ये कुनै एक देशमाथि सशस्त्र आक्रमण भएमा त्यसलाई तीनै देशमाथिको आक्रमणका रूपमा लिइनेछ । साथै, सैन्य समन्वय वृद्धि, संयुक्त सामरिक अभ्यास तथा रक्षा प्रविधि र सैन्य औद्योगिक क्षमतामा सहकार्य गर्ने प्रावधानहरू पनि सम्झौतामा समेटिएका छन् । मध्यपूर्वमा क्षेत्रीय तनाव र सुरक्षा चिन्ता बढिरहेका बेला भएको यो सहकार्य प्रकृतिमा पूर्णतया रक्षात्मक रहेको र कुनै सैन्य वा साम्प्रदायिक समूह निर्माण गर्ने उद्देश्य नरहेको तीनै देशले स्पष्ट पारेका छन्। यस सम्झौताले इरान र अमेरिकाबीचको तनाव समाधान गर्न कूटनीतिक पहललाई सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

# शाहरुख, अजय र टाइगरलाई महाराष्ट्र एफडीएको 'कारण देखाऊ नोटिस'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ भदौ**



महाराष्ट्रको खाद्य तथा औषधि प्रशासन (एफडीए) ले बलिउड अभिनेताहरू शाहरुख खान, अजय देवगन र टाइगर श्राफलाई 'विमल इलाइची' को विज्ञापनलाई लिएर 'कारण देखाऊ नोटिस' जारी गरेको छ ।

एफडीएका अनुसार, प्रारम्भिक जाँचमा उक्त विज्ञापनले विमल' ब्रान्डको प्रचार गरेको देखिन्छ, जुन मुख्य रूपमा पान मसालासँग जोडिएको छ । महाराष्ट्रमा १३ जुलाई २०२६ को प्रतिबन्धात्मक आदेश अनुसार पान मसालाको उत्पादन, भण्डारण, ढुवानी, वितरण र बिक्रीमा पूर्ण रोक लगाइएको छ । एफडीएले जारी गरेको नोटिसमा खाद्य सुरक्षा र मानक ऐन, २००६ को दफा २४ को हवाला दिइएको छ। उक्त दफाले खाद्य पदार्थसँग सम्बन्धित भ्रामक विज्ञापन र अनुचित व्यापारिक अभ्यासमा रोक लगाएको छ। नोटिसमा भनिएको छ कि यस्ता विज्ञापनले उपभोक्ताहरूलाई भ्रमित पार्न सक्छ र यसले अप्रत्यक्ष रूपमा प्रतिबन्धित उत्पादनकै पहिचानलाई बढवा दिइरहेको छ। यसरी भ्रामक विज्ञापनलाई समर्थन गर्ने वा प्रचार गर्ने व्यक्तिहरूलाई १० लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने कानुनी प्रावधान छ । यदि सोही गल्ती पटक(पटक दोहोरिएमा जरिवाना रकम ५० लाख रुपैयाँसम्म पुग्न सक्ने नोटिसमा उल्लेख गरिएको छ ।

# ११० परिवारको नापजाँच सम्पन्न भएको करिब ११ वर्षपछि जग्गाधनी पुर्जा प्राप्त

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ भदौ**

धनुषाको मिथिला नगरपालिका-४ का ११० परिवारले नापजाँच सम्पन्न भएको करिब ११ वर्षपछि जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । नापी कार्यालय धनुषाले साविक कजरारमौल गाउँ विकास समिति अन्तर्गत पर्ने गाउँ ब्लक (स्ववासी) जग्गाको प्रक्रिया पूरा गर्दै स्थानीयलाई जग्गाधनी पुर्जा वितरण गरेको हो ।

उक्त क्षेत्रमा आर्थिक वर्ष २०७१/७२ मै जग्गाको नापजाँच तथा नापनक्साको काम सम्पन्न भएको थियो । तर, नापजाँचपछि जग्गा दर्ताका लागि आवश्यक प्रक्रिया अघि बढाउन स्थानीयको जनसहभागिता न्यून भएपछि लामो समयसम्म पुर्जा वितरण हुन सकेको थिएन। नापजाँच सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसक्दा वर्षौंदेखि स्थानीयवासी जग्गाको स्वामित्वसम्बन्धी आधिकारिक प्रमाणबाट वञ्चित रहँदै आएका थिए ।

आयोगमार्फत यसअघि नापनक्सा भइसकेका गाउँ ब्लक तथा स्ववासी जग्गाको बाँकी प्रक्रिया पूरा गरी अहिले पुर्जा वितरण गरिएको नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले बताए। उनका अनुसार आवश्यक कागजात, विवरण तथा अन्य प्रक्रियाहरू पूरा गरेपछि ११० परिवारलाई ११० थान जग्गाधनी पुर्जा उपलब्ध गराइएको हो ।

लामो समयपछि जग्गाको कानुनी स्वामित्व प्रमाणित गर्ने पुर्जा पाएपछि स्थानीयवासीले राहत महसुस गरेका छन्। जग्गाधनी पुर्जा प्राप्त भएपछि जग्गाको स्वामित्व सुरक्षित हुनुका साथै भविष्यमा सम्बन्धित जग्गासँग जोडिएका प्रशासनिक तथा कानुनी काम सहज हुने विश्वास गरिएको छ ।



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
मनरासिस्वा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# स्थानीय सरकारको संख्या बढाऔं

-अहिले संविधान संशोधनबारे एक ढंगको बहस चलिरहेको छ। तर संविधान संशोधन केका लागि ? अहिले नै संविधान संशोधन किन आवश्यक पऱ्यो ? यसबारे राजनैतिक पक्ष जति खुल्नुपर्ने हो त्यति खुलेको छैन। संविधान संशोधन दलहरूको जितको खुसीमा र हारको शोकमा गरिने विषय होइन। यो बृहत्तर राजनैतिक र सामाजिक विषय हो। यो दलीय विषय मात्रै पनि होइन। यद्यपि, दल यसका प्रमुख कलाकार हुन्। नेपाल जस्तो सांस्कृतिक विविधता भएको देशमा संविधानको सामाजिक स्वीकार्यता बढाउन धेरै ठूलो मिहिनेत, अभ्यास र सैद्धान्तिक अवधारणा चाहिन्छ। संघीयताको सन्दर्भमा स्थानीय सरकारको ठूलो महत्त्व छ। तर विगतमा स्थानीय सरकारको निर्माण स्पष्ट सैद्धान्तिक धरातलमा भन्दा राजनैतिक सहमतिका आधारमा भयो। अबको संविधान संशोधनले स्थानीय सरकारले पहिचान, सेवा प्रवाह, स्वशासन, सामर्थ्यको मामलालाई केन्द्रमा राख्नुपर्छ। नगरपालिका घटाऔं, गाउँपालिकाको संख्या बढाऔं- नेपालमा नगरपालिकाबारे अनावश्यक मोह छ। नगरपालिका भएपछि ठूलै काम सम्पन्न भएजस्तो नगरवासीलाई गौरव लाग्ने परिपाटी छ।

अर्कोतर्फ नगरपालिका भएपछि संघीय स्रोतसाधन बढी पाइन्छ भन्ने दृष्टिकोण उनीहरूमा छ। नगरपालिकाको जनसंख्या पुऱ्याउन ग्रामीण बस्तीका विकट ठाउँहरूलाई पनि नगरपालिकाभित्र राखिएको छ। खासगरी पहाडी र हिमाली नगरपालिकाका नागरिकलाई यसले अप्ठयारो सिर्जना गरेको छ। यद्यपि, अप्ठयारो महानगरमा पनि छ। शिक्षा, स्वास्थ्यको पहुँच, भौतिक पूर्वाधारको सुविधा केही पनि छैन। तर नगरपालिका बनाउनुपर्दा विकट बस्तीहरू नगरपालिकामा गइदिनुपरेको छ। स्वास्थ्य चौकी पुग्न ३ घण्टा लाग्छ तर बस्ती नगरपालिकाभित्र छ। यो स्थिति लमजुङ, गोरखा, नुवाकोट, सिन्धुपाल्चोक जस्ता धेरै जिल्लामा छ। जसले स्थानीय सरकारले उपलब्ध गराउने सेवामा स्थानीय पहुँच टाढा पुगेको छ। कसैलाई नगरवासी हुने गौरव प्रदान गर्न विकट बस्तीका समुदाय पीडित हुनुपरेको छ। एउटा वस्तुगत अध्ययन गरी नगरपालिकाको संख्या घटाई गाउँपालिकाको संख्या बढाउनुपर्छ।

बरु हामीले अभ्यासमा कमजोर गाउँपालिकाहरूलाई सामाजिक न्यायको अवधारणा अनुसार बढी स्रोतको व्यवस्थापन गर्ने बाटो लिन सक्छौं। १० वा १५ वर्ष हेरेर परिस्थितिमा आएको फेरबदललाई पुनर्सीमांकन गर्न सक्छौं। संविधान, ऐन, कानुन सबै जीवन्त दस्तावेज हुन्। समाजको लयसँग संविधान ऐन कानुनको लय मिलाउन जरुरी हुन्छ। पुनर्सीमांकन : पहिचान र अल्पसंख्यकको सन्दर्भमा- संघीयताको सन्दर्भमा स्थानीय सरकारको ठूलो महत्त्व छ। तर विगतमा स्थानीय सरकारको निर्माण स्पष्ट सैद्धान्तिक धरातलमा भन्दा राजनैतिक सहमतिका आधारमा भयो। अबको संविधान संशोधनले स्थानीय सरकारले पहिचान, सेवा प्रवाह, स्वशासन, सामर्थ्यको मामलालाई केन्द्रमा राख्नुपर्छ।हामीले गाउँपालिका वा नगरपालिका बनाउँदा धेरै केही गरेनौं। गाविसहरूलाई एकै ठाउँमा गाभ्यौं मात्रै। संघीयताको एउटा मूल मर्म पहिचानको व्यवस्थापन हो। पहिचानलाई भुइँ तहदेखि अर्थात् स्थानीय सरकारदेखि नै व्यवस्थित बनाउनुपर्छ। आदिवासी जनजाति समुदायको थातथलोलाई केन्द्र मानेर सकेसम्म अल्पसंख्यक आदिवासी जनजाति समुदायलाई एउटै वडामा, एउटै पालिकाभित्र व्यवस्थापन गर्नुपर्छ। जसले उनीहरू तितरबितर हुन नपरोस्। पञ्चायतकालको सीमांकनको एउटा अघोषित मान्यता जनजातिहरूलाई विभिन्न पञ्चायतमा पार्नु। सकेसम्म जिल्ला फरक फरकमा पारिदिनु थियो। नवलपरासी, पाल्पा र तनहुँको माथिल्लो भू-भागमा मगरहरूको बस्ती छ। माथिल्लो बस्तीलाई सीमांकन गर्ने हो भने एउटा जिल्ला हुन सक्थ्यो। एउटै भूगोल, संस्कृति, अर्थतन्त्र भएको ठाउँलाई तीन जिल्लामा पारेर तितरबितर पारियो। त्यही मान्यताले संघीयतामा पनि निरन्तरता पायो। 'फुटाउ र शासन गर' मान्यतालाई स्थापित गरियो। नेतृत्व विकास गर्ने अवसरबाट वञ्चित गरियो। जसले गर्दा आफ्नै पालिकामा आदिवासी जनजाति समुदायहरू कमजोर बने। पहिचान र सांस्कृतिक अधिकारका हिसाबले ठूलो अन्याय भयो। अबको पुर्नसीमांकनमा सकेसम्म आदिवासी जनजाति समुदायलाई एकै पालिकामा पार्ने मान्यता अघि सार्नुपर्छ। पहिचानको व्यवस्थापन गर्दा केही पालिकाको संख्या बढ्न सक्छ। पहिचान नपाएका कारणले सिर्जना गरेको हीनताबोधको सम्बोधन हुन्छ भने पालिका थप्नु नै जायज हुन्छ। बरु खर्च कसरी घटाउने भन्ने सोचौंला। पुनःसंरचना : सेवा सुविधाको पहुँच र भौगोलिक स्थिति- स्थानीय सरकारलाई नागरिकको दैलोको सरकार भनिन्छ। पूर्वी रुकुमको पुथाउत्तरगंगा गाउँपालिकाको एउटा उदाहरण हेरौं। वडा नम्बर २ को रल, तिज्याङ, हार्दिवाङ र जुस्मर गाउँबाट वडा कार्यालय पेल्मा पुग्न दुई दिन लाग्छ। संघीयताको सन्दर्भमा यो विचित्र होइन ? यस्तो किन भएको ? हामीले पालिकाहरू निर्माण गर्दा वडालाई नटुर्क्याउने नीति लियौं। जसले गर्दा ती चार गाउँको केन्द्र पेल्मामा पऱ्यो। जबकि वडा नम्बर १ मैकोट आउन ती चार गाउँलाई २ देखि ३ घण्टा लाग्छ।

यस्तो अप्ठ्यारो कति ठाउँमा होला। यो आठ वर्षमा कुनै अध्ययन अनुसन्धान भएन। यसकारण पालिका/वडाको जनसंख्यालाई मात्र आधार मानेर वडा र पालिकाको सीमांकन गरिनु हुँदैन। यसका लागि नेपाल जस्तो भौगोलिक विशिष्टता भएको देशमा भूगोल पनि एउटा आधार हो। जनसंख्यामा मात्रै पनि अड्किनु हुँदैन। यसो गर्दा वडाको संख्या पनि बढ्न सक्छ। नागरिकको पहुँच र सहजतालाई प्रमुख आधार मानेर वडा र पालिकाको सीमांकन गरिनुपर्छ। यो कुनै न कुनै रूपमा सबै ठाउँमा छ। मैले विभिन्न अध्ययनका क्रममा करिब ४० गाउँपालिकाका प्रतिनिधिलाई सोधें होला। कुनै प्रतिनिधिले पनि मिलेको जवाफ दिएका छैनन्। तसर्थ, संख्या थोरै बनाउने नाममा नागरिकको पहुँचलाई कुण्ठित नगरौं। सेवा, सुविधा र नागरिकको पहुँच मध्यनजर गर्दै काम गर्नुपर्छ। किनभने स्थानीय सरकार नै राज्य र जनताको सम्बन्धलाई परिभाषित गर्ने सरकार हो। स्थानीय सरकारसँग नै नागरिकको सम्बन्ध सहज हुन सकेन भने राज्यसँगको सम्बन्ध कहिल्यै सहज हुँदैन। हिजो केन्द्रीयताले राज्य र नागरिकको सम्बन्धलाई धुमिल बनाएको छ, नकारात्मक बनाएको छ। यस अर्थमा संघीयताले यस्तो नकारात्मक सम्बन्धलाई सकारात्मक रूपमा परिवर्तन गर्नुपर्नेछ। विकासको सामुदायिकीकरण र स्थानीयकरण- पालिकाहरूको एउटा मुख्य काम विकासलाई स्थानीय सन्दर्भमा स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र संस्कृतिका आधारमा विकासको बाटो आफैं पहिल्याउने भन्ने हो। तर अहिले विकास थोपरिएको जस्तो छ।

थोपरिएको विकासलाई बहिष्करण गरी पालिकाको ज्ञान, सीप प्रविधिलाई चिन्तन मनन गरी पहिचान गर्नु हो। अहिले पालिकाहरू ठूला भएका कारणले समुदायले विकास प्रक्रियामा भाग लिन सकेका छैनन्। समुदाय विकास थापेर बसेका छन्। अब पालिकाको नीतिगत व्यवस्थापन परिवर्तन गर्न जरुरी छ। पालिकाले अहिले गरिरहेको सेवा प्रवाह र विकासका योजना वडा कार्यालयमार्फत गरिनुपर्छ। सकेसम्म स्थानीय समुदायले कुनै सेवा लिँदा गाउँपालिका कार्यालय आउनै नपरोस्। वडा कार्यालयले



नै सबै सेवा प्रवाह गरोस्। स्थानीय उत्पादन, कृषि, शिक्षा, वन व्यवस्थापन, पानी व्यवस्थापनका योजनाहरू वडामै बनुन्। गाउँपालिकाले स्वीकृत मात्र गरोस्। गाउँपालिकाको मुख्य भूमिका नीतिगत व्यवस्थापन, योजनाहरूको मूल्यांकन तथा अनुगमन र वडा कार्यालयको क्षमता अभिवृद्धिमा केन्द्रित गर्नुपर्छ। यदि यसो गरियो भने वडा कार्यालय आफैंमा एउटा शक्तिको केन्द्र बन्छ र जुन समुदायको नजिक हुन्छ। पालिकामा कर्मचारी व्यवस्थापन- यस्तो व्यवस्थापनमा कर्मचारीको व्यवस्थापन पनि फरक किसिमले गर्नुपर्छ। सबैभन्दा पहिलो संघ सरकारले पालिकामा कर्मचारी पठाउने होइन। जुन कर्मचारीको पालिकाप्रति कुनै जवाफदेहिता र उत्तरदायित्व हुँदैन। ती कर्मचारीहरू समुदायप्रति उत्तरदायी हुने कुनै चान्स हुँदैन। तसर्थ, संघले एउटा सूचक र मान्यता बनाउन सक्छ। कति जनसंख्या भएको, कति ठूलो भौगोलिक अवस्था भएको, कति कृषियोग्य जमिन भएको, कति वन भएको यस्ता विभिन्न सूचकहरू बनाएर कुन पालिकामा कतिभन्दा बढी कर्मचारी राख्न पाइँदैन भन्ने मापदण्ड बनाउन सक्छ।

साभार : कान्तिपुर।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday